# बजेट वक्तब्य

**गाउँसभाका सभाध्यक्ष ज्यू,**
**तथा सदस्य ज्यूहरु,**

नेपालको संविधानले संघीय शासन व्यवस्था अर्न्तगत राज्य शक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले गर्नेगरि तिनवटै तहको एकल तथा साझा अधिकार किटान गरेको छ । तिनवटै तहका सरकारले संविधान र कानूनको सिमा भित्र रहि स्वतन्त्र रुपमा अधिकारको प्रयोग गर्ने अवसर पाएका छन ।

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय तहमा विधायीकि कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको सञ्चालनका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ जारी भई कार्यान्वयनमा रहेको छ ।

स्थानीय तहमा जनप्रतिनिधीहरुको बहाली संगै संविधानमा व्यवस्था भएको संघीय लोकतान्त्रिक गणतन्त्र र संघीयताको कार्यान्वयन गर्दै स्थानीय सरकार सञ्चालन गर्नुपर्ने अभिभारा हामी जनप्रतिनिधि माथी आएको छ । लोकतान्त्रिक, समावेशी, जवाफदेही र प्रभावकारी स्थानीय शासनको अनुभुती जनतालाई गराउने दायित्व जनप्रतिनिधिमा रहेको छ ।

सभाध्यक्ष महोदय,
स्थानीय तहको निर्वाचन मार्फत जनप्रतिनिधिहरुले स्थानीय तह सम्हालेको दुई वर्ष पुगेको अवसरमा नौकुण्ड गाउँपालिकाको समृद्धि र विकासका लागि आय व्यय समेटिएको बजेटको दस्तावेज उपाध्यक्षको हैसिएतले यस सम्मानित सभामा पेश गर्न पाउदा अत्यन्त गौरवान्वित महशुस भएको छ ।

यस महत्वपूर्ण अवसरमा राजनैतिक परिवर्तन र स्थायीत्वका लागि आफ्नो जिवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात सहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।

***नौकुण्ड विकासको आधार : कृषी पर्यटन पूर्वाधार,*** भन्ने दिर्घकालीन सोच अनुरुप आर्थिक समाजिक विकासको मौलिक ढाँचामा नौकुण्ड गाउपालिका अगाडी बढिरहेकोछ । यसै अनुरुप हामीले जनप्रतिनिधि भई स्थानीय तहमा जिम्मेवारी लिईरहेको अवस्थामा जनताको हामी प्रति उच्च अपेक्षा रहनु स्वभाविक हो । यद्यपि सिमित स्थानीय श्रोत साधनमा जनताहरुका अधिकतम आकांक्षाहरुलाई सम्बोधन गर्नुपर्ने चुनौती हामी माझ रहेको छ । यस गाउँपालिका भित्रका सबै क्षेत्र, वर्ग र समुदायका महत्वपूर्ण आवश्यकताहरुलाई उपलब्ध सिमित श्रोत र साधनले सामाजिक न्यायका साथै जनताको जिवनस्तर वृद्धि र आत्म निर्भर बनाउने दृढताका साथ यो बजेट तर्जुमा गरिएको व्यहोरा यस सम्मानित सभामा

नौकुण्ड गाउँपालिका

जानकारी गराउन चाहान्छु । बजेट तर्जुमाका क्रममा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४, नौकुण्ड गाउँपालिकाको नीति तथा कार्यक्रमका साथै सभाका सदस्य ज्यूहरुले दिनुभएको उल्लेखनीय सुझावहरुलाई मार्ग दर्शनको रुपमा लिएको छु ।

राजनैतिक दलहरु, संघसंस्था, नौकुण्ड गाउँपालिका का राष्ट्र सेवक कर्मचारी, नागरिक समाज, बुद्धिजिवी, पत्रकार , गाउँपालिकाका समस्त नागरिकबाट प्राप्त रचनात्मक सुझावहरुलाई समेत आधार मानेर बजेट तर्जुमा गरिएको व्यहोरा सम्मानित सभामा राख्न चाहान्छु । यसको अलवा संघीय र प्रदेश सरकारबाट प्राप्त मार्ग दर्शन, स्थानीय आर्थिक अवस्था र आन्तरीक आयको अवस्था समेतको आधारमा रहि बजेट निर्माण गरेको छु ।

सभाध्यक्ष महोदय,

अब म नौकुण्ड गाउँपालिको आर्थिक वर्ष २०७४/०७५ को समग्रता, चालु आर्थिक वर्ष २०७५/०७६ को समिक्षा तथा आर्थिक वर्ष २०७६/०७७ को लागि नीति तथा कार्यक्रमहरुको प्रक्षेपण बारेमा संक्षिप्त जानकारी गराउन चाहान्छु ।
गत आ.व २०७४/०७५ मा कुल आम्दानी १७ करोड ९६ लाख २५ हजार ८ सय ८ र २६ पैसा मध्ये चालु खर्च तर्फ ११ करोड २३ लाख ८२ हजार ८ सय १४ रुपैया ९९ पैसा र पूजीगत तर्फ ४ करोड ७८ लाख ४९ हजार १६ रुपैया गरी जम्मा १६ करोड २ लाख ३१ हजार ८ सय ३० रुपैया ९९ पैसा खर्च भएको थियो ।

अव म चालु आ.व को संक्षिप्त समिक्षा प्रस्तुत गर्न चाहन्छु ।

चालु आ.व २०७५/०७६ को कुल बजेट जम्मा ३० करोड ९५ लाख ८६ हजार विनियोजन भएकोमा चालु खर्च तर्फ १६ करोड ७० लाख ४० हजार र पूजीगत खर्च तर्फ १४ करोड २५ लाख ४६ हजार रकम विनियोजन भएको थियो । जस मध्ये जेठ मसान्त सम्म चालु खर्च तर्फ १० करोड ९३ लाख ३४ हजार ३ सय ३१ रुपैया २० पैसा र पूजीगत खर्च तर्फ ८ करोड ८२ लाख ४३ हजार ५ सय ५७ रुपैया १८ पैसा गरी करिब ६४ प्रतिशत खर्च भएको छ ।

चालु आ.व को आन्तरिक आय ११ लाख ७५ हजार प्रक्षेपण गरिएकोमा जेठ मसान्त सम्ममा जम्मा १२ लाख २३ हजार ५३ रुपैया ८२ पैसा संकलन भएको छ ।

चालु आ.व मा दनुस्वाँरा-पाटीखर्क सडक, मङ्सेखोला-पारच्याङ सडक, लोकिल- लाङ्बु -पारच्याङ सडक, किमारर्जुङ -सरस्यूँ -पारच्याङ सडक, लच्याङ-सरमथली-पाटीखर्क सडक लगायत अन्य सडकहरु ग्रावेल तथा स्तरोन्नती गरियो ।

नौकुण्ड गाउँपालिका

कृषि तथा पशु सेवा क्षेत्रमा किसानहरुको लागि प्रत्यक्ष लाभ हुने अनुदानका कार्यक्रमहरु जस्तो, मिनि टिलर, कर्न सेलर, धानको विउ, गहूको विउ, मकैको विउ, फलफूलका विरुवाहरु, हाईटेक टनेल, उन्नत जातका बोका, मौरी घार वितरण जस्ता अनुदानमा आधारित कार्यक्रमहरु सञ्चालन गरियो । जिवजिवेमा उन्नत प्रविधिको चिस्यान केन्द्र स्थापना गरी संचालनमा आएको छ ।

शिक्षा क्षेत्रलाई विद्यार्थी मैत्री, गुणस्तर वृद्धि गर्नका लागि मा.वि र आ.वि गरी ५ वटा दरवन्दीमा अनुदान प्रदान गरियो । मा.वि देखि आधारभूत विद्यालयमा स्काउट ट्रूप स्थापना गरि संचालन गरियो । पालिकास्तरीय बाल क्लव संजाल गठन गरी तालिम प्रदान गरियो । पालिकास्तरीय शैक्षिक प्रदर्शनी गर्नुका अतिरिक्त खेलकुद कार्यक्रम सम्पन्न गरियो ।

स्वास्थ्य क्षेत्रमा पूर्ण खोप सुनिश्चितता गाउँपालिका निरन्तरता दिईयो । पारच्याङ स्वास्थ्य चौकीमा मेटरनिती वेइटीङ होम स्थापना, यार्सा, भोर्ले, सरमथली, लाङबु र सस्यूँ मा सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन निर्माण कार्य अघि बढिरहेको छ । बेताङमा गाउँ घर क्लीनिक भवन निर्माण सम्पन्न भई प्रयोगमा आईरहेको छ । विद्यालयहरुमा प्राथमिक उपचारमा किट वक्स तथा सेनेटरी प्याड वितरण कार्यक्रम गरियो । चर्मरोग शिविर संचालन गरियो ।

यसरी संघीय सरकार, प्रदेश सरकार र नौकुण्ड गाउँपालिका तिनै तहको सरकारको समन्वय र सहकार्यमा यस गाउँपालिकाको समृद्धि लाई अगाडी बढाउने कार्य भईरहेको सभा समक्ष अनुरोध गर्न चाहन्छु ।

सभाध्यक्ष महोदय,

अव म आगामी आर्थिक वर्ष २०७६/७७ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका उद्देश्यहरु निम्न अनुसार प्रस्तुत गरेकोछु ।

क) सम्पूर्ण नागरिकहरुका मौलिक हककोरुपमा जीवनयापनका न्यूनतम आधारभूत आवश्यकताहरु संबोधन गर्ने,
ख) साधन , स्रोत र क्षमताको उच्चतम उपयोग गरि समृद्ध मानविय विकास गर्ने ।
ग) सामाजिक, भौतिक तथा पूर्वाधार र आर्थिक विकास गरि समृद्ध गाउँपालिका बनाउने ।
घ) उत्पादकत्व वृद्धि गरी कृषिमा आत्मनिर्भर गाउँपालिका बनाउने ।
ङ) शैक्षिक क्षेत्रको समग्र विकास गर्ने ।
च) गाउँपालिकालार्य पर्यटकीय केन्द्रको रुपमा विकास गर्ने ।
छ) स्वास्थ्य क्षेत्रमा सवैको सहज पहूँच पुऱ्याउने ।

नौकुण्ड गाउँपालिका

अव म  आगामी आर्थिक वर्ष २०७६/७७ को बजेटका प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहान्छु । बजेटका प्राथमिकताहरु निम्न अनुसार प्रस्तुत गरेकोछु ।

- गरिबी न्यूनीकरण रोजगारी सिर्जना र आयआर्जन वृद्धिमा प्रत्यक्ष योगदान पुऱ्याउने ।
- स्थानीय स्रोत साधन, श्रम, सीप र प्रविधिमा आधारित ।
- जनसहभागिता अभिवृद्धि गर्ने ।
- संस्कृति र पहिचानको प्रवर्द्धन गर्ने ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पऱ्याउने ।
- क्रमागत उत्पादनमूलक र छिटो प्रतिफल दिने ।
- आन्तरीक राजस्व वृद्धि र परिचालनमा योगदान पऱ्याउने ।

**सभाध्यक्ष महोदय,**

**अब म आ.व.०७६।७७ का लागि नौकुण्ड गाउँपालिकाको अनुमानित आय व्यय विवरण प्रस्तुत गर्न गईरहेको छु** :

**आयतर्फ : संघीय सरकार बाट वित्तीय समानीकरण अनुदान तर्फ रु. ८ करोड ५२ लाख, शसर्त अनुदान रु. ९ करोड ७१ लाख, संघीय सरकारबाट राजश्व बाडफाड बाट रु. ५ करोड १४ लाख, प्रदेश सरकार बाट वित्तीय समानीकरण अनुदान रु. ९९ लाख २३ हजार, शसर्त अनुदान रु.२० लाख ८८ हजार , प्रदेश सरकारबाट राजश्व बाडफाड बाट रु.६४ लाख २१ हजार ,आन्तरिक राजश्वबाट रु.२५ लाख र आ.व २०७५/०७६ को वैंक मौज्दात (अनुमानित) रु १ करोड रुपैया गरी जम्मा आय २६ करोड ४६ लाख ३४ हजार रुपैया रहेको छ ।**

**अध्यक्ष महोदय :**

अव म आर्थिक वर्ष २०७६/०७७ मा कर, शुल्क तथा दस्तुर का वारेमा सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु ।

आर्थिक वर्ष २०७६/०७७ को लागि शुल्क दस्तुर तथा जरिवानाको दरमा खासै परिवर्तन नगरी चालु आ.व २०७५/०७६को  दरले नै राखेको छु । यद्यपी चालु आ.वको आर्थिक ऐनले नसमेटेका केही क्षेत्रमा भने शुल्कको दायरा फराकिलो  बनाएको छु । आ.व २०७६/०७७ देखि सम्पत्ति कर लागु गरिने गरी करको दायरा तोकेको छु ।

**अध्यक्ष महोदय**

नौकुण्ड गाउँपालिका

**अब म आर्थिक वर्ष २०७६/०७७ को लागि बिनियोजन कार्यक्रमहरुको बारेमा सभा समक्ष पेश गर्ने अनुमती चाहन्छु ।**

व्यय तर्फः

**चालु खर्च तर्फ : विषयगत कार्यालयको सशर्त अनुदान ९ करोड ९१ लाख ८८ हजार रुपैयाँ, गाउँपालिकाको प्रशासनिक खर्च ४ करोड २७ लाख ४० हजार ७ सय ५० रुपैया गरी जम्मा रु. १४ करोड १९ लाख २८ हजार ७ सय ५० विनियोजन गरेको छु ।**

**पुजीगत खर्च तर्फ : समष्टिगत पूँजिगत खर्च १२ करोड २७ लाख ५ हजार २ सय ५० रुपैया गरि जम्मा व्यय २६ करोड ४६ लाख ३४ हजार रुपैया रहेको छ ।**

**सभाध्यक्ष महोदय,**

अब म यस बजेट बक्तव्यमा भएका मुख्य मुख्य योजनाहरुलाई साराशंमा उल्लेख गर्न चाहन्छु ।

विकास कार्यलाई दिगो, व्यवस्थित र टिकाउ बनाउनका लागि सर्वप्रथम गौरवका आयोजना तर्फ रु १ करोड, संघ, प्रदेश तथा विभिन्न दातृ निकाय/ संघसंस्थाहरुसँग साझेदारीका लागि रु **१ करोड ,** गाउँपालिका भित्रका पूर्वाधारहरुको मर्मत संभारका लागि **मर्मत संभार कोष रु २० लाख बिनियोजन गरेको छु ।** कृषि,उद्योग तथा वाणिज्य,पर्यटन,सहकारी र वित्तिय क्षेत्र आर्थिक विकासका लागि **आर्थिक विकास तर्फ १ करोड ३१ लाख ७३ हजार** रुपैयाँ छुट्याएको छु । भौतिक विकास र सामाजिक विकासलाई समानान्तर ढङगबाट अघि बढाउन सकिएन भने सन्तुलित विकास हाँसिल गर्न सकिदैन । साथै सामाजिक विकासले सम्पूर्ण विकास कार्यलाई संस्थागत गर्ने कार्य गर्दछ । त्यसैले **सामाजिक विकास तर्फ २ करोड ८९ लाख ८५ हजार** रुपैयाँ विनियोजन गरेको छु । विकासका आधारभूत पूर्वाधारहरुलाई व्यवस्थित गर्नुपर्ने हुन्छ । यहि मान्यतालाई आधार मानेर **पूर्वाधार विकास तर्फ ४ करोड ८८ लाख २५ हजार** रुपैयाँ विनियोजन गरेको छु । पूर्वाधार विकास अन्तर्गत स्थानीय सडक,सिचाई,भवन तथा सहरि विकास,उर्जा लघु तथा साना जलविद्युत र सञ्चार क्षेत्रका योजनाहरु समेटिएका छन् ।

वातावरण क्षेत्रका वन तथा भु संरक्षण, जलाधार संरक्षण,वातावरण संरक्षण,जलवायु परिवर्तन,फोहोरमैला तथा ढल व्यवस्थापन तथा विपद ब्यवस्थापन लगायतका लागि **वन, वातावरण तथा विपद ब्यवस्थापन तर्फ २५ लाख ७५ हजार रुपैयाँ** विनियोजन गरेको छु ।

संस्थागत विकास सेवा प्रवाह र सुशासन मार्फत लोकतन्त्रहरुको लाभहरुको आधिकारिक वितरण गर्दै नागरिकमुखि सेवा प्रदान गर्न सकिएमा संस्था प्रति नागरिकको अपनत्व विकास हुन्छ भन्ने विश्वास लिइएको छ । दैनिक सेवा प्रवाहका कार्यहरुलाई सहज सरल र व्यवस्थित बनाउन गाउँ कार्यपालिकाको कार्यालय तथा सम्पूर्ण वडा कार्यालयहरु अनलाईन प्रणालीमा लैजान तथा न्यायिक कार्यलाई प्रभावकारी

बनाउन मेलमिलाप केन्द्र स्थापना गर्न, जनप्रतिनिधी तथा कर्मचारीहरुको क्षमता अभिवृदि गर्न **सुशासन तथा संस्थागत विकास तर्फ ७० लाख ४७ हजार २ सय ५० रुपैयाँ** विनियोजन गरेको छु ।

अन्त्यमा,

आ.व २०७६/०७७ को बजेट तथा कार्यक्रम निर्माण गर्न सहयोग गर्नुहुने सम्पुर्ण जनप्रतिनिधिहरु,राजनीतिक दलहरु, कर्मचारीहरु, शिक्षक, वुद्धिजिवीहरु,आम नागरिक, सुरक्षाकर्मी, पत्रकार लगायत सवैलाई विशेष धन्यवाद दिन चाहन्छु ।

धन्यवाद ॥।

सिर्जना लामा
उपाध्यक्ष
नौकुण्ड गाउँपालिका

नौकुण्ड गाउँपालिका